# खण्ड काव्य
# जीवन संघर्ष



- ध्रुव थापा

**कविको परिचय :**

नाम: ध्रुव थापा, जन्म मिति जेष्ठ १५ गते

हाल : सन् फ्रान्सिस्को बे एरिया।

शिक्षा: स्नातकोत्तर (एम ए )

नेपालको इटहरी स्थित त्रिभुवन बिश्वबिधालय अन्तर्गतको कलेज " जनता बहुमुखी क्याम्पसमा" सात वर्ष सम्म प्राध्यापन, इटहरीमै मोडर्न प्रिपटोरी बोर्डिंग स्कुलको सञ्चालन।



**प्रकाशित पुस्तकहरू:**

"ध्रुव थापाका गीत र कविता" नेपाली साहित्यमा सम्भवत पहिलो पल्ट दुवै पुस्तक नोबेल पुरस्कार विजयी डा. चार्ल्स टोवेंस र मैथिली ऐयरद्वारा विमोचित , अङ्ग्रेजीमा प्रकाशित "टेस्ट अफ द हिमालयज" नामक नेपाली परिकारको पुस्तक पनि नोबेल पुरस्कार विजेता र स्ट्याण्ड फोर्ड बिश्वबिधालयका प्राध्यापक डग्लस ओसेरफ द्वारा विमोचित। अंग्रेजी भाषामा कविता संग्रह प्रकासित "The Dream we had together. 2015 from USA. कथा, कविता, गीत र समसामयिक लेख रचनाहरू अङ्ग्रेजी तथा नेपाली विभिन्न पत्रपत्रिकामा प्रकाशित। अल्टिमेट टार्गेट नामक गीत अल्बम अडियो को गीतकार , केही गीतहरू आउने क्रममा, अमेरिकन कोरिनिकलको स्तम्भकार , विभिन्न अनलाइन पत्रिकाहरुको प्रतिनिधि। स्थापना कालदेखि नै विश्वपरिक्रमा समाचार पत्रको सम्बाददाता तथा स्तम्भकार आदि......

**पुरस्कार तथा सम्मान**

विभिन्न संस्थाको तर्फ बाट प्रमाण पत्र र प्रशंसा पत्र प्राप्त, **२००६ मा अमेरिकाको पोएट्री एम्बासडर द्वारा सम्मानित ( Poetry ambassador 2006 awarded by International poetry society, USA), २००७ मा इन्टरन्यासनल पोएट्री सोसाईटी, अमेरिका द्वारा एडिटर चोइस पुरस्कार प्रदान , २००८ मा मादरल्याण्ड नेपाल नामक संस्थाले अमेरिकामा रही नेपाली भाषा, साहित्य र पत्रकारितामा गरेको**

**योगदान बापत विशेष सम्मान।**

· २००९ मा तमु ल्होसार को विशेष कार्यक्रममा उत्तरी क्यालिफोर्निय तमु समाज द्वारा सम्मान तथा सम्बर्द्धना

· २०१० को नेपाली साहित्यिक पत्रकारिता पुरस्कार प्राप्त, ( अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज द्वारा)

· २०११ मा भारतमा जसबहादुर राणा पुस्तकालय द्वारा सम्बर्द्धना

· २०१२ मा अमेरिकाको लायन्स क्लब अफ बर्क्ली अन्नपूर्णा द्वारा सम्मानित,

· २०१२ को दसैँ महोत्सवमा क्यालिफोर्नियाको (NAFCA) नेपलिज एंड फ्रेन्ड्स कल्चरल एसोसिएसनले

· २०१५ मा लायन अफ द इयर द्वारा सम्मानित।

· २०१६ मा १०० % अध्यक्ष पुरस्कारद्वारा सम्मानित, लायन्स क्लब इन्टरन्यासनल

विभिन्न सङ्घ संस्थामा आबद्ध , विद्यार्थी कालदेखिनै निरन्तर रुपमा अङ्ग्रेजी नेपाली र केही हिन्दी साहित्यमा पनि आफ्नो लेख रचानाहरु प्रकाशित।

**साहित्य सेवा**:

वेब पत्रिका हाम्रो समाज.नेट को संस्थापक तथा प्रधान सम्पादक, नेपाल, भारत र अमेरिकामा विभिन्न सङ्घ संथाको स्मारिका प्रकाशन तथा सम्पादन : नेपालमा मोडर्न प्रिपेरेटोरी बोर्डिंग स्कुलको स्मारिका “प्रतिभा”को सम्पादन। प्रधान सम्पादक/ सञ्चालक: नेपालमा मोडर्न प्रिपेरेटोरी बोर्डिंग स्कुलको कोशेली भित्ते पत्रिकाको , (१९९७ देखि २००१ सम्म), सम्पादक : कलिम्पोंगमा अध्यनको क्रममा स्पार्कल स्कुल म्यागेजिनको सम्पादन (१९८७) सम्पादक :दार्जिलिंगमा कलेज अध्यनको क्रममा आगन साहित्यिक पत्रिकाकाको सम्पादन,(१९९- १९९४ ), प्रधान सम्पादक: अमेरिकामा एएनए को क्यालिफोर्निया अधिवेशनको स्मारिका “आउटरिच” सम्पादन तथा प्रकाशन (२००९),प्रधान सम्पादक : फ्रेन्ड्स अँन अर्थको स्मारिकाको सम्पादन तथा प्रकाशन ।

प्रधान सम्पादक : भिजिट नेपाल महोत्सवमा एन ए जी सिको स्मारिका “कोशेली”।

सम्पादक : अनेसासको पत्रिका अन्तरदृष्ठीको सम्पादनमण्डलमा रही साहित्यिक पत्रिका प्रकाशन। प्रधान सम्पादक : लायन्स क्लब अफ बर्कली अन्नपूर्णको स्मारिका अन्नपूर्ण रोअर” Annapurna Roar" को सम्पादन तथा प्रकाशन (२०१२)

# जानेको, सुनेको र पढेको कुरा !

विगत केही वर्षयता,देशमा भैरहेका अशान्ति, आन्तरिक कलह, युद्ध र असफल राज्यले ल्याएको विभिन्न प्रभावका कारण बाध्य भई खाडी मुलुक देखि युरोप अमेरिका मात्र होइन सिरिया, इराक, अफगानिस्तान, दक्षिण अमेरिका , अफ्रिकी मुलुकमा समेत नेपालीहरु पुगी सकेका छन् भने धेरैले बीच बाटोमै अकल मृत्यु भोगेका छन्। यी मध्ये गैरकानुनी तरिकाले ज्यान जोखिममा पारी मानव तस्कर र मानव बेचबिखनकर्ताको सहयोगमा आउनेको संख्या निकै उच्च रहेको बताइन्छ ।

नेपालमा गरिबी, बेरोजगारी, भूकम्पजस्ता प्राकृतिक विपद्ले आफन्त गुमाउनु, घरबारविहीन हुनु, मानवीय हिसाबले अवश्य नै दु:खदायी र संवेदनशील अवस्था हो । लाखौं नेपालीलाई विदेशिन बाध्य पार्ने कारण मध्ये यो पनि एउटा सत्य हो।

हरेक वर्ष हजारौं नेपाली विद्यार्थी अध्ययनका लागि युरोप, अमेरिका, अस्ट्रेलिया जान दलालका ढोका र कन्सल्टेन्सीका कार्यालय पुग्छन् । लाखौं खर्चेर जति विदेशिन्छन् त्यसभन्दा बढी दलालहरुबाट ठगिन्छन् । नेपालमा घरजग्गा धितो राखेर, ऋण लिएर विदेशका कलेजमा महँगो शुल्क तिरेर भर्ना भएका धेरैको ध्यान पढाइभन्दा पनि काम खोजेर पैसा कमाउने नै हुन्छ । उता काम नपाएर अभिभावकले नेपालबाटै खर्च पठाएर पढ्नेहरु पनि धेरै छन् ।

कमाउन गएकाहरु लास बनेर फर्किएको हृदयविदारक कथा जस्तै दलालबाट ठगिने, विदेश पुगेर अलपत्र पर्नेहरुको दु:खको अर्को कहाली लाग्दो पाटो झनै हृदय विदारक छ ।

बिदेशमा पुगेर जोखिम मोलेर देसमा रेमिट्यान्स पठाउने मात्र होइन बिदेशमा बिद्यार्थी भई त्यहो उच्च सिक्षा लिएर ज्ञान र सिपले बिदेशा राम्रो नाम र दाम कमाउने नेपालीको पनि संख्या दिन प्रतिदिन बडी रहेको यस परिपेक्ष्यमा धेरैको यस्तो पनि चाहना छ कि "हाम्रो र देशवासीको शान्ति र सुरक्षाको ग्यारन्टी भए राम्रो सित कार्य गर्ने वातावरण सिर्जना भए , हामीलाई बोलाउनुस् हामी हाम्रो देश र देशवासीको सेवाको लागि कुनै पनि बेला आउन तयार छौं ।"

नेपाल हाम्रो पनि हो जति तपाईंहरुको हो । नेपाल आमा हाम्रो पनि हुन् जति तपाईंहरुको हुन् ।त्यसैले गैर आवासीय नेपालीले नेपालमा लगानी , क्षमता ,सिप र रोजगार लिएर आउन चाहदा चाहदै पनि देसको अस्थिर राजनैतिक परिवेस र अनियमितताको कारण उनीहरु अघि बढ्न हिच्किचाएका हुन्। देसले यसबारेमा सोच्न सके नेपालको बिकासमा हरेक बिदेसिने नेपालीले आफ्नो क्षमता र हैसियत अनुसार योगदान पुर्याउने छन् भने दिन प्रतिदिन नेपालीले बिदेशमा भोगेका कहाली लाग्दो जीवनबाट समेत उन्मुक्ति पाउने छन्।

हाल आएर नेपालका एक खाले बालबालिकामा ठुलो भएपछी विदेश गएर पढ्नुपर्छ वा कमाउन जान पर्छ भन्ने सोच बढेको छ भने अर्को खाले बाल बालिकामा यहाँ केहि हुदैन , आफ्नो भविष्य बनाउन विदेशमै स्थायी बसोबास गर्नुपर्छ भन्ने मानसिकताको बिकाश गराइएको छ। जसमा केहि हद सम्म डाइभर्सिटि भिषा र पी आरले हरेकको मनोबल बढाएको छ। अहिले का महंगा कलेज र स्कुलमा पड्ने नेपाली बिध्यर्थिको मस्तिस्कमा विदेश जानु नै आफ्नो पढाईको अन्तिम लक्ष्य र उपलब्धि हो भन्ने सोचाई यहाँ को अन्तरास्ट्रिय स्तर र गुणस्तरको स्कुल कलेज भनेर प्रचार प्रशार गर्दै हरेक विद्यार्थीको दिमागमा यसको जड घुसाईदिएको छ। साथै नेपालका प्रत्येक अभिभावकपनि आफ्नो सन्तान बिदेसिएकोमा गर्ब गर्छन। र उतै बस्न समेत प्रोत्साहन गर्ने गरेको पाइन्छ यो अहिलेको कटु सत्य हो।

हो हामी विदेशमा छौं ।बिदेशी भूमिमा प्रत्येक व्यक्तिको आ आफ्नै कथा व्यथा छ । सबैको जीवनमा दुख मात्र छैन भने सबै सुखी पनि अवस्य छैनन् त्यसर्थ यस खण्ड काब्य को कथा, ब्यथा कसैसंग मिल्न गएमा त्यो एउटा संयोग मात्र हो हुनेछ ।तर यो हरेकको जीवन संघर्सको कथा हो। सबैको फरक फरक भोगाई भएपनि कहिँ कतै मिल्दो जुल्दो कथा र व्यथा हो यो खण्ड काब्य जीवन संघर्ष।

Feb 9th 2015

# खण्ड काव्य
# जीवन संघर्ष

© जीवन संघर्ष - ध्रुव थापा

Dhruva Thapa

www.dhruvascreations.com

# समर्पण

मेरा बुवा आमा जसले जीवनमा सिक्षा भन्दा ठुलो अरु केहि हुदैन भनेर उच्च सिक्षाको लागि आफ्नो सम्पूर्ण जीवन संघर्ष गरेर हामीलाई जान्ने र बुझ्ने बनाउनु भयो। साथै नेपाल आमाका ति सन्तान जो उच्च सिक्षा र उज्वल भविस्यको लागि जस्तो सुकै जोखिम उठाउने र आफ्नो क्षमता र योग्ताको भरमा विश्वको हरेक कुनामा संघर्ष र कडा मेहनत गरेर आफ्नो आमा बुवाको सपना पुरा गर्ने तर नियतिले तिनै आमा बुबाको स्नेह र प्रेम र सामिप्यबाट बन्चित हरेक सन्तान प्रति समर्पण।

“म आए आमा भनेर कति, झुक्काए तिमीलाई
म आए अब भनेर कति , भुलाए तिमीलाई।
सुसार गर्न पाइन् कहिले , धिक्काछुँ आफुलाई
छोराको कर्तब्य भुलेर त्यसै, बिदेसमा बसेनी।
बुझ्नै नसक्ने यो संसारी माया, जालैमा फसेनी ........”

# भाग १

बुढा बुवा आज फेरि, के के सोच्न थाले
जतातते   किन आज, आगो लाउन   थाले ?१

इतिहासको पानामा, धेरै कुरा लेखियो
बुढेसकालमा आएर ,धेरै कुरा देखियो ? २

हिंसा ,हत्या भुकम्प र, प्रलय आउन थाल्यो
जतातते विनासकै, खबर छाउन थाल्यो। ३

गाउँ समाज हुँदै आज, देशै बल्न   थाल्यो
प्रकृतिनै   रुष्ट  भई, सबै पोल्न   थाल्यो ।  ४

भोकमारी र अनिकालले, ताण्डव   गर्न थाल्यो
गरिबी र बेरोजगारीले , सबलाई हर्न थाल्यो। ५

हेर्दा हेर्दै कस्तो यो ,दिन देख्नु   पर्‍यो
नियतिले भाग्यमा, दुखै   लेख्नु पर्‍यो ?६

गाउँ , घरको मुहार   फेर्न, जनलहर फैलियो
हुँदैन कोही कमारा , यस्तै हल्ला फैलियो। ७

पहाड़ , मदेस सबैले   ,एउटै  मन्त्र  गाए
हेर्दा हेर्दै यो   देशमा,  गणतन्त्र ल्याए   । ८

सानो ठुलो कोही हुन्न समानताको देशमा
राजा प्रजा एकै हुन्छन् गणतान्त्रिक देशमा। ९

जाति धर्म वर्णको विभेद कहीँ हुन्न
नयाँ नेपाल बनेपछि अछुत कोही हुन्न । १०

नयाँ नेपालको मानचित्रमा सबै आट्नु पर्‍यो
जातीयताको नारालाई किन ढाट्नु पर्‍यो ? ११

नयाँ नेपाल बनाउने सपना, खै केमा अल्झियो ?
संविधान लेख्ने मिति पनि ,विवादमै अल्झियो। १२

संसदमा यो कस्तो जात्रा देख्नु पर्‍यो ?
सबै कुरा त्यागेर संविधान लेख्नु पर्‍यो। १३

सहिदको बलि खेतको हली, कसैलाई छोड़ेंनन
मदेस देखि पहाड़ सम्म, कसैलाई जोड़ेनन। १४

जाती धर्मं पार्टी भन्दै ,सबै दुष्ट भए
आफ्नै आगन टुक्राएर , सबै रुष्ट भए।१५

नयाँ नेपाल बनाउन , पुराना सबै फाले
नयाँ बिरुवा रोप्न , पुराना सब ढाले। १६

तेरो मेरो भन्दै जनता ,आपसमै लडने भो
आफन्तकै लासमा टेकी , अघि वढने भो ।१७

अफनै घर सल्काएर , आगो ताप्ने भए
आफन्तलाई लत्याएर , देश हाकने भए।१८

गाउँ घर र आफन्त, सबै टाढा भए
नेता , प्रजा , जनता , सबै छाडा भए ।१९

अतीतलाई समझी यहाँ , कसको आखा नभिजला ?
सहिदको बलिदान सम्झी, कसको मुटु नबिझ्ला? २०

हेर ! सुन्दर त्यो फुलबारी, सब नाश भएको
कसले सुन्ने विरह गीत, तिमीले आज गाएको ?२१

एउटै थियो भावणा हाम्रो, भाषा थियो अनेक
एउटै लयमा गुञ्जन्थ्यो , अनेकतामा एक । २२

----------------------------

# गीत :

“ घासको भारी थाप्लोमा बोकी, सान्दाई आए है
मायाको चिनो त्यो नाम्लो बोकी, लैवरी गाए है ।२३

भकारी फाली रुखमा चढी, निहार्छन् सान्दाई गोठ
बोकेर मकई भटमास वोढी, विगाछे कान्छी ओठ ।२४

खेतालो, हली वाउसे र पर्म, सबैलाई छक्काई
कान्छी पोख्छे मनको मर्म, अरूलाई लुकाई ।२५

सान्दाई भने लैवरी गाउछन्, वन पाखा थर्काई ।
हली र वाउसे सबै नाच्छन्, कम्भर मर्काई ।२६

कर्म र मर्म रोदन र हासो, भुलाई गाउछन गीत
ढोको र नाम्लो पुर्खाको नासो, सबैलाई लाउछन् प्रित ।२७
राजै सबैलाई लाउछन् प्रित ।

लाछा र पोते अक्षेता पाती, कान्छीलाई पहिराए
चौतारी भन्ज्याड देउराली जति, कान्छीलाई घुमाए । २८

तीज र छठ, मन्दिर मठ, चारधाम घुमाए
देवको फल कान्छीको हठ, गोवर्धन जन्माए ।२९

लेख र बेसी अलैची खेती, सान्दाईको पेवाभो
ठेकी र हर्पे वलेशीजति, कान्छीको सेवाभो ।३०

ओखर, भटमास रिठा र गीठा खादै ऐशेलु

थाहै नपाई समय बित्यो, छोरो भो वैशालु ।३१

सल्लो र साल टाकीको बोट,   बढेर ठुलो भो
गउको माया छाडी जाने, त्यो छोरो ठुलो भो ।३२

गाउँ र घरमा वज्दैन मादल, सबै विदेशलागेर
समसान जस्तो गाउँ भयो सबै पाखा लागेर। ३३

जोगाउनु है हाम्रो भाषा, विदेशमै वसेनी
नभुनु है   हाम्रो आस्था, विदशमै वसेनी ।” ३४

# भाग २

बुदेसकालको सहारा, एउटै थियो संतान
छाडी गयो त्यसलेपनि , सङ्घर्षको मैदान। ३५

आधा दशक बितिसक्यो, फर्की कहिले आएन
संतानको मायाले , त्यसको हृदय पग्लेन ? ३६

तिमिबिना दसै, तिहार , छैठ , ल्होसार आएन
तिमि बिना कुनै खुसी , यो मन भित्र छाएन ।३७

तिमिबिना कसैले, मालसिरी गाएनन
तिमि बिना कसैले, देउसिरे गाएनन । ३८

मनै त हो धनले , कहिले कस्लाई पुग्छ र ?
कुबेरको पनि धनले , मृत्यु किन्न पुग्छ र ? ३९

तिम्रा ती डलरले , बस्तु किन्न पाइन्छ
तिम्रा ती डलरले , के अस्तु किन्न पाइन्छ ? ४०

तल्लो घरे साइलापनि , घर फर्की आउनेरे
तारा देखने घरको छानो, यसपालि छाउनेरे। ४१

भनी देऊन तिमिपनि , फर्की कहिले आउने हो ?
दुखी यो परिवारमा , खुसी कहिले छाउने हो ? ४२

विदेशको रौनकले , कहिले आत भरिएन ?
डलरको मोहले , कहिले त्यो मन भरिएन ? ४३

तिमि आउने बाटों कुर्दा ,समय कहिले कटदैन
बिछोडको त्यो वेदना अब, यो हृदयमै अट्दैन। ४४

गाउँ सहर सबै छोडी, राजधानीमै आए
दिड़ो सिस्नो छाडी अब, पिज्जापनि खाए। ४५

तिमि जस्तै बन्न मैले, गुन्यु चोलो त्यागे
आधुनिक बन्न मैले , गाउँले पहिरन त्यागे। ४६

बोर्डिंग गई छोरापनि, अंग्रेजीनै बोल्छन
फोन र च्याटमा पनि, अंग्रेजीनै बोल्छन। ४७

तिम्ले भन्या जस्तै मैले सबै यहाँ गरे
गाउ छाडी सहरमा डेरा पनि सरे ।४८

तर तिमि मलाई सम्झी कहिले फर्कि आएनौ
परिवार र सन्तान सम्झी , तिमि फर्की आएनौ । ४९

भौतिक सुख सयल दियौ, विदेशमै बसेर
यो आत्माको सुख देउन , स्वदेशमै फर्केर। ५०

महल किने तिम्रो धनले , मन किन्न पाइन
अछ्यानपनि किने मैले , निन्द्रा किन्न पाइन। ५१

# भाग ३

छोरा पनि सधैभरी , तिमिलाइनै खोज्दछन
पदन भन्दा तिमीसँग,   च्याट गर्न रोज्दछन। ५२

बुहरीपनि टोलाएर ,   फोनै  गर्नै भुल्छिन
फेस्बुकमा   तिमिलाई , लाइक गर्नै   भुल्छिन।  ५३

मोबाइलमा कुरा गर्दै,   रातभरि झुल्छिन
लोड सेडिंग हुदाखेरि   , दिनैभरि रुन्छिन।  ५४

बुढा   बुढी हामी पनि, अस्ताउने घाम भयौ
बुढेस्कालमा   अब मात्र , सुस्ताउने कामभो । ५५

अब हामी सक्दैनौ   , तिम्रो घर सम्हाल्न
तिमि अब फर्की आऊ , परिवारलाई   सम्हाल्न। ५६

रितिरिवाज, चाडपर्ब ,तिमीले थाम्नु पर्छ
इस्ट मित्र सबै अब , तिमीले   मान्नु  छ । ५७

हात गोढ़ा सबै गले , मात्र श्वास अडेकोछ
ज्योतिहिन यी नयन तिम्रैतिर बढेको छ । ५८

पुत्र धर्म   तिमीले, यहाँ आई   निभाउनुछ
छोराको कर्तव्य , तिमिलेनै निभाउनु छ। ५९

जब देखि मानिसमा, विवेक बुद्धि आयो
मानिसले आफूलाई, सर्वश्रेष्ठ पायो। ६०

सयौ युद्ध लडेर,  देश समाज बनायो
समाजले मानिसलाई, फेरि टाढो बनायों ।  ६१

जति जति मानिस यहाँ, ज्ञानी बन्दै गए
त्यति त्यति मानिस किन?  स्वार्थी बन्दै गए। ६२

मै खाउ मै लाउ, भन्दै हिडन थाले
मानिसले मानिसको, इज्जतनै फाले । ६३

हिज देखि आजसम्म, यही चल्दै आयो
जतातते हिंसाको ,आगो बल्दै  आयो। ६४

मानिसले मानिसको, खेदो गर्न थाले
मानिसले मानिसको, इज्जतनै फाले ।६५

जातीधर्म राजनीतिले, सबै टाढा भए
राजनीतिको नाममा , सबै छाडा भए।  ६६

कोही छैन दुःख गरी , यो देशलाई बनाउने
जुनै पार्टी आएनि , भ्रस्टाचारनै  गनाउने । ६७

जस्तो कर्म उस्तै फल, कलियुगमा  पाइन्छ
पाप पुण्य जे हुने हो  , यही देख्न पाइन्छ। ६८

राम्रो गरे राम्रै हुन्छ, मानिसलाई यहाँ
दुख सुख सबै हुन्छ, मानिसलाई यहाँ । ६९

राम्रो काम गर्नेको, देशमा सम्मान छैन
केही गर्छु भान्नेलाई, देशमा स्थान छैन। ७०

गाउँ घर टोल छाडी , सबै विदेश लागे
लाटासोझा, वृद्ध छाडी, सबै विदेश भागे । ७१

हेर्दा हेर्दै गाउँ सहर , सबै खालि भयो
परदेशमा नियतिनै कस्तो जाली भयो। ७२

खाडीदेखि पातालसम्म, भाग्य खोज्दै हिडे
परदेशमा डलर सँगै , स्वर्ग खोज्दै हिडे। ७२

कसले बुझ्ने परदेशीको, पिडा कति धेरै छ ?
डलर साट्दा रुपियाको , थुप्रो एति धेरै छ। ७३

दुई दिने जिन्दगीको, मोल कसले बुझने ?
परदेशको दुखलाई, कसले यहा बुझ्ने ? ७४

यो नाश्वर शरीरलाई, छाडी जानै पर्छ
जति गरेपनि एक दिन, मरी जानै पर्छ ।७५

धन दौलत बोकेर, कसले लान सक्यो?
मरेपछि त्यही धन, कसले खान सक्यो? ७६

मै खाउ मै लाउ, भन्दै कति लडने ?
निमुखाको टाउकामा, अझैं कति चडने ? ७७

धन दौलत कमाएर, को नै सुखी भाछ र?
मरे पछि साथलिइ, को नै स्वर्ग गाछ र ? ७८

ज्ञान बाडे अमर हुन्छ, धन बाडे नाम
मानिस भई मानिसले, गर्नु असल काम । ७९

एक फेर बाची   हेर,  के देख्न पाइन्छ
एक फेर जाची   हेर, के लेख्न पाइन्छ।   ८०

कर्म को फलपनि , यहिनै   पाइन्छ .
बाचे हेर दैव   यहाँ , के के देख्न पाइन्छ ? ८१

# भाग ४

बुढी आमा घाम ताप्दै, अतीतमा हराईन
तातो चिया ल्याउन ,बुहारीलाई कराईन। ८२

मनको बह बगेर , नयन गङ्गा भयो
अतीतमा बगेर , निन्द्रा भङ्ग भयो। ८३

गह भरी आशु पारी, आमा रुन थालीन
मनको व्यथा आशुबनि ,हृदय छुन थालिन। ८४

"के देखन चाहे मैले के देखे अहिले ?
भोलि के हुने हो ? तिमि आउछौ कहिले? ८५

ज्यान भन्दा धन यहाँ, कहिले ठुलो हुन्न
सम्पतिको पहाड चडी, आकाश कसैले छुन्न। ८६

रोएको यो मेरो मन, कहिले तिम्ले सुन्ने हो ?
आमाको ममतालाई , कहिले तिम्ले बुझ्ने हो ?८७

कस्लाई पोखौ पीड़ा मेरो , सुनी दिने कोही छैन ?
फाटेको छ यो मन मेरो , बुनि दिने कोहि छैन। ८८

गाउ छोड़ी सहर पसे , खुसि कतै पाइएन
तिमीबिना एक्लो जीवन, मलाई अब चाहिएन। ८९

चाहिदैन मलाई हिरा मोती, सुनको त्यो संदुकमा
अल्झाई बस्यौ तिम्रो मन, सुनको त्यो बन्दुकमा । ९०

“कहिले आउँछ संतानको त्यों सुख
भुलाईसाह्रा दुख
हे दैव !
कहिले आउँछ सुख ?
भुलाई साह्रा दुख ।” ९१
आमा त्यसै ब्वीहल हुन्छिन , कर्मलाई सम्झेर
फर्केन छोरा विदेशबाट , परिवारलाई सम्झेर। ९२

बलिन्द्र झर्छन अशुका धारा, त्यों छाती चर्किएर
हेर्दा हेर्दै बर्षौ बित्यो , आएन छोरो फर्किएर । ९३

जोबन भरी छोराछोरी, हुर्काउदै बीते सारा दिन
बुदेस्काल सहारा बन्न , आउदैन फर्की एकैछिन। ९४

खेत बारी अन्न बाली, सबै थियो कमाउन
देशैछाडी हिडयौ तिमि, छैन केहीँ सामाउन । ९५

बलेसीमा नाति लाई,सुनाउछिन जीवनगाथा
पोख्छिन आज जीवनभर, भोगेका त्यो व्यथा । ९६

“ तिमीपनि बुवा जस्तै, आत्तिएर नहिढनु
ठुलो भई तिमिपनि , मात्तिएर नहिड्नु। ९७

सत्य वचन कर्मलिई , सधैँ अघि वढनु।
जीवनमा असल बन्न, मन लगाई पदनु ९८

तिमीनै हौ तिम्रो यहाँ, भाग्य सबल बनाउने
राम्रो कर्म गरेर यहाँ , यस नाम कमाउने।" ९९

दुख सुख भन्नु त, घाम पानी जस्तै हो
मलाई भने सुख किन, सपना जस्तै भो ?९९

सबैकोमा खुसी आउदा, मेरो घर खालीभो
दान धर्म सबै गरे , दैव किन जाली भो ? १००

हे दैव ! मलाई मात्रै
किन यस्तो झ्याली भो ? १०१

संतानको सुखसयल , दुखमा नभए
के गर्नु धनले मात्र ? छोरो साथ नभए ? १०२

बुढेस कालमा आशाबोकी तिम्रो बुवा गए
छोरोक अनुहार नहेरी उनि परलोक गए I १०३

के गर्नु देव हरे ! तिम्रो साथ् नभए ?
मुल्य हुन्न सन्तानको , क्रिया पुत्री नभए । १०३

के मूल्य सन्तानको बुढेस कालमा साथै नभए ?
आशु झर्दा पुछी दिने , आफन्तको हातै नभए । १०४

के गर्नु प्रभु मैले , तिमि साथ नभए ?
कहाँ जाउ हे प्रभु , तिम्रो साथ नभए ? १०५

जीवन एक सङ्घर्ष हो, यो सबले जान्नुपर्छ
सङ्घर्ष नै जीवन हो , यो सेबल मान्नुपर्छ। १०६

दुख यहाँ नगर्नेले, सुख कहीँ पाउदैन
देसै छोडी जादैमा , सुख त्यसै आउदैन । १०७

विदेशमा एक्लै बस्नु, जीवन कति गाह्रो हुन्छ
परिवार देखि अलग्गिनु , त्यो त झनै साह्रो हुन्छ। १०८

विदेशमा दुःख पाए, हास्न कति गाह्रो हुन्छ
परिवार र समाजमा , बाच्न झनै गाह्रो हुन्छ । १०९

स्वाभिमान र आत्मा बेचीं, धन कहिले नकामाउनु
गलत सङ्गत, कुलतमा, धन कहिले नगुमाउनु। ११०

खान, लाउन सम्मानसित, बाच्न पाए पुग्छ
घर परिवार साथ भए , सबै दुख लुक्दछ । १११

यहि अर्ति उपदेस दिन्छु मन लगाई सुन
आफै देखि भागेर सुख कहिँ हुन्।
हे दैब। सुख कहिँ हुन्। ११२

# भाग ५

छोरो भने केही गर्ने, मिठो सपना बोकी
घर छोडी परदेसिन्छ, माया मामता बोकी । ११३

विदेश ग़ई सारा खुसी, दिन्छु जीवनभर
परिवारलाई सुख दिने , उसको कत्रो रहर। ११४

थाहा छैन विदेशमा ,सुख पाउने के भर ।
एक्लो पाउछ आफुलाई कति ठुलो सहर ? ११५

जति टाढा गए पनि, मन त घरमै हुन्छ
परदेसिएर बस्नेको , कथा कसले सुन्छ ? ११६

परिवारलाई सुख दिन, आफू दुःख झेल्छ
नियतिले सधैँ भरी, उस्कै भाग्य खेल्छ। ११७

जति सुख खोजेपनि, पाइने होइन विदेशमा
परिवारमा बस्न पाए, स्वर्गबन्छ स्वदेशमा। ११८

सम्पतिको लोभमा फसी, कति बिदेसीन्छन
साहुकारको ऋणमा फसी, धेरै बिदेसीन्छन। ११९

कोही भनेआफु खुसी , दुख खोज्दै हिडछन्
कोही भने बाध्यतामा, सुख खोज्दै हिडछन। १२०

आउछु आउछु भन्दै कोही, बर्सौ विताउछन्
कोही भने जवानीनै ,विदेशमै सिध्याउछन्। १२१

सधैँ फर्की जाने सपना,    कसले यहाँ नदेखला ?
थोरै मात्र स्वदेश फर्की,   आफन्तलाई देखला । १२२

जान्छु जान्छु भन्नेहरु, जता ततै भेटिन्छन्
थाहै नपाई एक दिन उसको , अस्तित्वै   मेटिन्छन्।  १२३

सन्तानलाई सुख दिन, आफू मरी मेटछन्
सुख हैन जीवन भर, दुःख मात्र भेटछन् ।   १२४

बाल्यकाल त , हासखेल र,   पडदा पडदै बित्यो
जवानीका सारा दिन,   ऋण तिर्दै बित्यो।  १२५

बुढेसकालमा कोही छैन, तातो चिसो खुवाउने
आफुसिथील भए पछि ,सबै आउछन्   रुवाउने।  १२६

सानो छदा गुरुको, आज्ञा मान्नुपर्ने
जवानीमा आफैलाई, सर्वज्ञा ठान्नुपर्ने। १२७

विवाहपछि दाम्पत्यको, भारी बोक्नुपर्ने
बुढेसकालमा अरूकै , आसमा जीउनुपर्ने । १२८

कस्तो यो अनौठो , मानिसको चोला ?
यसलाई बुझ्ने सायद दैव मात्र   होला।  १२९

कस्तो यो जीवन सङ्घर्ष , सबलाई सताउने
सबैले यो मानव चोला , सङ्घर्षमै   बिताउने ।  १३०

दाजुभाइ र इष्टमित्र, सबलाई खुसी पार्नै पर्ने

दुःखभने सधैँ भरी ,आफैले मात्र झेल्नुपर्ने। १३१

नातागोता आफन्त र,   कुलको गौरव राख्दै
सारा जीवन त्यसै बित्यो , एक्लै भाग्दा भँग्दै ।   १३२

यो तेरो यो मेरो, भन्नुमात्र रहेछ
दुई दिने जिन्दगी ,त्यसै वित्दो रहेछ। १३३

केही गरौँ भन्दा भन्दै, इच्छा त्यसै रह्यो
बाचुन्जेल सधैभरी, धोको मात्र रह्यो   । १३४

इच्छा भने मानिसको, कहिले सकिदैन
धन सम्पति कमाएर, यो मन भरीदैन। १३५

आफू भन्दा संतान , अझ माथि जाउन
आफूले नभोगेको सुख, संतानले पाउन। १३६

मानिस हो मानिस भई, बाच्नै पर्‍यो यहाँ
धन सम्पति कमाएर, साच्नै पर्‍यो यहाँ। १३७

भोलि के हुने हो ?, कसले देख्न सकेको छ
सबै यहाँ भोलि भन्दै ,भागीमात्रै   रहेको छ । १३८

नाता गोता आफन्त, तब साथ हुन्छन्
जब सम्म पौरख र, धन हात हुन्छन् । १३९

दुख परे एक्लै यहाँ , साम्ना गर्नु पर्छ
सुख पाए सबैको , मान राख्नुपर्छ ।   १४०

मान सम्मान इज्जत सब, कमाउछ धनले
दुःख पाए बिद्वानलाई,सोध्दैन मनले।   १४१

धन सम्पति धेरै भए, सबै शत्रु   हुन्छ
आफ्नै संतान ख़राब भए, जीवन पत्रु हुन्छ   । १४२

एक दुई वर्ष फर्खेर बस, तिमीनी आउनेछौ
विदेशको सुख यहाँ आई , तिमीले चाख्नेछौ । १४३

एक फेर सबै प्रबन्ध मिलाई म घर आउनेछु
आमा   र बुवा तिमीलाई पनि यो देश ल्याउनेछु। १४४

छोरा छोरी सबैजना , यहिनै पढ्नेछन
शिक्षा दीक्षा पाएर सब,   यहिनै बढ्नेछन। १४५

तिमीलाई पनि यो देशमाल्याई,   सबकुरा देखाउला
दुख र सुख जे जस्तो हुन्छ, एकसाथ   भोगौला। १४६

“भनन प्रिय कस्तो छ त्यो   देश फोनैमा सुनौला
एकफेर त्यहा आएर त्यो देश धिकमारी घुमौला।” १४७

हे मेरी प्रिय के गरौँ यसको ,स्वर्गझै बखान
तिमि आफै हेर्नेछौ यसलाई, अहिले पर्खन।   १४८

स्वर्ण राज्य, यो क्यालिफोर्निया असाध्यै राम्रो छ
संसारै मिलि बनेको यो देश बिछट्टै राम्रो छ।   १४९

गोल्डनगेट हेर्ने, टवीन टावर चडने,   मनको रहर
सिरीरी हावा , आनन्द मौसम,   सान्फ्रान्सिस्को सहर ।१५०

नापा र भेल्ली,   अंगुरको ठेली वाईन चाख्न जाउला
जहाजमा चडि,   प्रशान्त सागरमा तिमीलाई घुमाउला । १५१

हाफमुन वे र सिलिकन भेल्ली , हेर्न है लानेछु
बर्कलीको डाढा मरिना सम्म,   एकसाथ जानेछु  । १५२

शान्ताक्रुजको मनोरम दृश्य,   ह्वदयमा राख्नेकि ?
मिस्ट्रिस्पटमा आफूलाई उभ्याई,   चकितपर्नेकि ? १५३

मोन्टरीबेको एक्युरम भित्र,   आफूलाई खोज्नेकि
रेडउडका जङ्गल,यसोमिटीभित्र,   नेपाल खोज्नेकि? १५४

सयपत्री गुराँस मखमली फुल्दा,   नेपालै झल्कन्छ
लेकटाहो घुम्दा हिमपात हुँदा,   क्याराम्रो टल्कन्छ। १५५

डिस्नील्याण्डको मनोरम पार्कमा,   दिनभरि खेलौला
हलीउड र पाल्म स्प्रिंग हुँदै , सानड्यागो देखाउला। १५६

यो स्वर्ण राज्य स्वर्ण पुलको,   फेदीमा  बसेर
दिन र रात मेहनत गर्छु ,   कम्मर धसेर।  १५३

नेपालको गर्व चाड र पर्व सबमिली   मनाउछौ।
दुख र सुख एकसाथ मिलि खुसीयाली मनाउछौ ।   १५४

नेपाली खाना नेपाली दाना यो मन छ नेपाली
स्वदेश र विदेश जहि गएपनि यो मन छ नेपाली ।१५७

एकफेर ल्याई देखाउछु तिमीलाई यहाँको सुन्दरता
न हिउपर्छ नगर्मी हुन्छ यो कस्तो विशेषता ? १५८

स्वागत छ तिमीलाई   एक फेर आऊ यो स्वर्ण राज्यमा
विभिन्न जातका अनौठो मिलन देख्नेछौ यो   राज्यमा  । १५९

नेपालको पहिचान संस्कृति, भाषा चाड र पर्व छ
जुन देशमा बसेनी नेपाली हु म नेपालकै गर्व छ । १६०

स्वर्ण राज्य यो क्यालिफोर्निया क्या राम्रो प्रकृति
सङ्घ र संस्था सबमिली यहाँ बचाऔ संस्कृति । १६१

नेपाल देश सानो छ भनी हेलाहै नगर्नु
जाति र धर्म सस्कृतिलाई कहिले नभुल्नु। १६२

जाति र धर्म संस्कृतिबाचे नेपाली मौलाउला
आफनै देशलाई हेला गरे अश्तित्वै हराउला । १६३

दसैँ र तिहार लोसार पर्व सबमिली मनाउहै
सबैर जातको संस्कृति पर्व एकभई मनाउहै। १६४

विदेशमै बसी स्वदेशको माया कहिले नभुलौ
जुन देशमा बसेनी नेपाली हामी यो कहिले नभुलौ । १६५

विदेशमा वाक्क भई छोरो भन्छ -

आज र भोलि भन्दा भन्दै यो जुनी बित्नेभो
तिमीलाई ल्याउने बचन पनि अधुरै हुनेभो।   १६६

सबैको सन्तान आएको देख्दा आशा छ मनमा
बिछोडको पिडा बज्रझैँ खस्छ घनघोर वनमा। १६७

आत्म सम्मान बेचेर यहाँ ,   धन कस्लाई  कमाउनु ?
आफै देखि   बैरीबनि  , महल कस्लाई बनाउनु? १६८

यो ज्यान भए धन त यहाँ, धैरैनै   कमाइन्छ
माटोको शरीर   माटोमै  मिल्छ , के साथ लगिन्छ ? १६९

पुषको मास , औसीको रात , गाह्रो छ काट्न   ।
सक्दिन अब तिमीलाई ल्याउछु भनेर ढाटन ।   १७०

माया प्रीति जीवन भरको ,सँगै बाच्ने थियो
दुःख सुख हासो रोदन, संगे साच्ने थियो । १७१

विदेशमा पैसा   कमाई, सुख किन्न पाइदैन
आफैदेखि टाडारहने , यो सुख चाहिदैन। १७२

साथी भाइ गाउँ घर, सबै त्यागि कहा जाऊ
विदेशमा सधैँ आफैदेखि ,भागेर कहाँ जाऊ । १७३

परिवारको माया डलरको मोह बाचुन्जेल रहने
दिन र रातको दासत्व जीवन कति पो सहने ? १७४

छैन फुर्सद मिनट भरको , तिमीलाई सम्झने
कस्लाई पोखु मनको बह, दिन रात बल्झने। १७५

मासिन जस्तो जिन्दगी भो , आफन्त कोही छैन
परिवार सारा छाडेर एक्लै , बस्न त मन छैन । १७६

यो देश छाडी तिमीलाई भेट्न, म चाडै आउदैछु
विदेशको रमझम डलरको मोह, त्यागेर आउदैछु । १७७

एक दशक बित्यो बिछोडको पिडा मनमा बोकेको
बिस्फोटनै हुन्छ यो मेरो पिडा, हृदयमा रोकेको । १७८

भएन मेरो चन्द्रमा दाहिने, यो देशमा आएर
मेटदैन मेरो मनको प्यास , समुन्द्र धाएर। १७९

दसैँ नग्रां नखियाए सम्म , हात मुख जुटैन
सातै समुन्द्र तरेपनि , त्यो नाता टुटदैन । १८०

बाचुन्जेलको यो भाग दौड, कहिले सकिन्न
बिछोडको पललाई चाहेर पनि को सक्छ किन्न ? १८१

त्यसैले अब त्यागेर सब आउदैछु हिउदोमा
मायाको चिनो त्यो रातो सिन्दूर भरौला सिउदोमा। १८२

हे प्रिये ! पोखौला सबै मनको बह तिमीलाई भेटेर
बिहानी ल्याउला मुहारमा तिम्रो अध्यारो मेटेर। १८३

आफ्नो देशमा.....................
इष्ट र मित्र क्षिमेकले पनि ,कुरै काट्ने भो
आफन्त पनि सब बैरी बनी छुरै घोपने भो । १८४

मरिजाने यो नास्वर शरीर ,यही छोडी जानुछ
जतिनै धन कमाए पनि मारेर के लानु छ ? १८५

# भाग ६

बुहारीपनि अवत सधैँ ,दिक्क मान्न थाली
धन सम्पति सारा अव, मिथ्या भन्न थाली । १८६

सुख दुःख भन्नु त, सब मनको चाहना
धनले सुख दिनछ भन्नु, मात्र हो बहाना । १८७

एक छाक भोजन सुखसित, खानपाए भो
शरीर डाक्ने एकसरो कपडा, लाउन पाए भो । १८८

आत्मामा सुख मिलनमा हुन्छ, बिछोडमा हुँदैन
छुटेको आत्मा एक साथ भए , कहिले रुदैन । १८९

के गर्नु मलाई त्यो सम्पति, साथ लान नपाए ?
के गर्नु मलाई त्यो नियति , अमरत्व नपाए ?१९०

के को लागी जीवनभर, भाग्छ मानिस यहाँ ?
केको लागि जीवनभर माग्छ मानिस यहाँ ? १९१

जीवनके हो थाहै   नपाई, छाडी जान्छ चोला
मरे पछि कहा जाने, कस्लाई थाहा होला ? १९२

मानिस यहाँ मानिस भई, बाच्न जान्नु पर्छ
मानवतानै ठुलो धर्म, यस्लाई मान्नु पर्छ। १९३

नत्र भने मानव चोला, त्यसै खेर जान्छ
मरे पछि कसले उसको, नामलिन चाहन्छ ? १९४

आमाफेरि छोरोलाई, सम्झाउदै भन्छिन
लोग्नेलाई विदेश पठाएको, हरपल गन्छिन्। १९५

छोरा तिमी ठुलो भई ,हाम्लाई छाडी जान्छौ ?
मेरो कुरा मान्यो भने, यहि   सुख पाउछौ ।  १९६

नाम यस कमाउन, गलत काम गर्नु हुन्न
सधैँ भरि सत्य बोल्न ,पछिपर्नु   हुन् ।१७९७

छल कपट झुटोको ,अन्त्य राम्रो हुन्न
सधैँ तत्पर हुनुपर्छ, राम्रो कुरा सुन्न ।   १९८

पौरखी भई कर्म गर्न, कहिले पछि नपर्नु
दीन दुःखी ठुलोलाई, सधै आदर गर्नु ।१९९

सादा जीवन उच्चविचार, लिई अघि बडनु
असल   मानिस बन्नलाई, मन लगाई पडनु ।२००

छोरो भने आफनै इच्छा, पुरा गर्न खोज्छ
पुर्खा देखि भोग्दै   आको, दुःखै रोज्न खोज्छ । २०१

जीवनभर सङ्घर्ष गर्नु , के भाग्यमा लेखेको छ ?
नियतिले   खै के  लेख्छ   , कसले देखेको छ । २०२

संसारको नियम न हो , सबले पालन   गर्नैपर्ने
भाग्यमा जे लेखेकोछ , सबले त्योत भोग्नैपर्ने । २०३

आफूले जति चाहेनी ,भोलि कसले देखेको छ
सबले त्यही भोग्नुपर्छ ,नियतिले जे लेखेको छ । २०४

उडिजाने चरीलाई, कसले रोकी   राख्न सक्छ ?
पौरखी यो उमेरमा, कसले बाटो रोक्न सक्छ ?२०५

संसारको नियम न हो, सबले पालन गर्नैपर्छ
जति सुख पाएपनि ,एक दिन त मर्नै पर्छ ।   २०६

सबले छाडी जानै पर्ने, दुई दिनको जिन्दगी
नियतिकै हातमै त छ , हाम्रो जिन्दगानी । २०७

बाचुन्जेलको माया मोह, मरे खाली हात
जति धन कमाएनी, लाने के छ साथ ?   २०८

भन्दै छोरो मौज गर्छ ,साथ के छ लानु
जति दुःख गरेपनि, छैन साथ लानु ।२०९

तब यो जीवनमा ,दुखै मात्र के लाई
सुख भोग्ने निहुमा , गुमाउछ आफैलाई ।२१०

साथीभाइको संगतले कुलतमा फस्छ
थाहै नपाई एकदिन , छागो बाट खस्छ। २११

राम्रो कर्म गर्नभने ,कहिले अघि सरेन
नराम्रो कर्म गर्नभने ,कहिले पछि परेन । २१२

जिन्दगीको के हो मूल्य ?, कहिले बुझनै   सकेन
खाउखाउ लाउलाउ भन्ने उमेर
कठै !! उसले जोगाउनै   सकेन ।  २१३

छोराको कुरा सुनी बाबु मुर्छा पर्छ
दैबको खेल नहो पलभरमै खस्छ।२१४

आमाको अर्कै हालभो   बेहोसिमै बोल्ने
मुटुभन्दा प्यारो छोरो   कसरि पो पोल्ने  ?२१५

हेर्दा हेर्दै जिन्दगानी चुराझैँ टुट्छ
दैबले किन सधै हाम्रै भाग्य लुट्छ ?   २१६

छोरोको छ आफ्नै व्यथा त्यसै   आउन सक्दैन
श्रीमती र आमालाईनी साथ ल्याउन सक्दैन।३१७

समय हो सबै यहाँ समय संग चल्नु पर्छु
जस्तै दुखः आएपनि जीवन चल्नु पर्छ । २१८

बुढेस कालमा रहेन कोहि आमालाई सम्हाल्ने
एक्लो जीवन श्रीमतीलेनी कसरि सम्हाल्ने ? २१९

छाडेर गईन उसले पनि ति बुडी सासूलाई
अगि बडीन जीवनमा उनि पुछेर आसुलाई। २२०

जस्तो ठुलो गाऊपनि समय संगै भरिन्छ
आफ्नोको साथ छुट्दा, जिउदै मरिन्छ।२२१

नदीझैँ जीवन बगी रहदा त्यहि पानी सुनहुने
पिडाको सागर बनेर यहाँ त्यहि पानी नुनहुने।२२२

आमाको मुटु थियो छोरो, नाति थियो धड्कन
दुवैको साथ नहुदा आज, छाड्यो त्यो धड्कन।२२३

बुढेस कालमा साथ छैन कोहि, के गर्नु धनले
बिछोडको पिडा झन् झन् बढ्छ, थाम्दैन मनले। २२४

जगमा सारा खुसी खोजेनी, पाहिदैन त्यस्तो सुख
बिहान उठ्दा सधै देख्न पाउ, आमाको त्यो मुख। २२५

ईश्वरको अर्को रुपलिई तिमि, यस धर्तीमा आयौ
हरेक घरको पुज्य तिमि, सन्तानकै लागि रमायौ।२२६

तिर्थ, ब्रत सब सुन्य लाग्छ, तिमि सामु नहुदा
हे मेरी आमा सब सुन्य लाग्छ , तिमी सामु नहुदा । २२७

आफ्नै कोखमा जीवन बनाई , धर्तीमा ल्याने
आमा बाहेक को छ र ? यो जीवन चलाउने। २२८

दु:ख पिडा ,भोकर प्यास, सब एक्लै सहेर
सन्तानकै लागि रमायौ तिमि, दु:खलाई सहेर।२२९

अनाथ र असहाय भएछु आज, तिमि सामु नहुदा
हे मेरी आमा अनाथ भए ! तिमी सामु नहुदा । २३०

जन्माई, हुर्काई हात समाई, संसार चिनायौ
धर्म,कर्म,सस्कार सिकाई, संसारिक बनायौ।२३१

आफु भोकै प्यासी बसी, हामीलाई हुर्कायौ
शिक्षा र दिक्षा, ज्ञान दिई, सक्षम बनायौ ।२३२

संसारै बाट बिरानो भए, तिमि सामु नहुदा
हे मेरी आमा बिरानो भए ! तिमी सामु नहुदा । २३३

दुख र पिडा सहेर आफै , हामीलाई बडायौ
दुईचार अक्षर लेख्न सिकाई, हामीलाई पडायौ।२३४

ज्ञानको सागर बुझ्नलाई तिमीले, स्कुल पठायौ
देस र भेस बुझ्नलाइ तिम्ले, बिदेस पठायौ। २३५

बिदेशमा पनि रम्दैन यो मन, तिमि सामु नहुदा
हे मेरी आमा रम्दैन यो मन ! तिमी सामु नहुदा । २३६

आज फेरि मलाई त्यसै, बच्चा हुन मनलाग्यो
कल्पनामै उडेर गई , तिमीलाई छुन मनलाग्यो। २३७

अब कसले सुनाउने ति, सुन्केसरिका कथाहरु?
अब कहाँ लुकाउ म , बिछोडक ति व्यथाहरु? २३८

कसलाई अब आमा भनौ ? तिमि सामु नहुदा
भनौ कसलाई हे मेरी आमा? तिमी सामु नहुदा । २३९

मलाई सानो चोट लाग्दा, त्यो मुटु दुख्द्थ्यो २४०

सागर थियो त्यो तिम्रो माया , सबैलाई फैलाउने
चौतारी थियो त्यो तिम्रो छाया, सितल दिलाउने। २४१

सकिन तिर्न दुधको भार, तिमि सामु नहुदा
हे मेरी आमा सकिन तिर्न ? तिमी सामु नहुदा । २४२

जुनीनै छोटो बन्यो आज , तिम्रो ऋण चुकाउन
पाइन कतै त्यो तिम्रो काख, यो सिर लुकाउन।२४३

आशुका धारा रोकिन्न आज, तिमिलाई नदेख्दा
निरिह बन्यो यो मन आज, तिमिलाइ नदेख्दा।
हे मेरी आमा निरिह भए ! तिमीलाई गुमाउदा । २४४

बामे सरि हिड्दा हिड्दै, बिमान चडी उड्ने भए
सुख सयल खोज्दा खोज्दै, परदेसमै रमाउने भए। २४५

अह पाइन कतै तिम्रो जस्तो, निश्चल त्यो माया
पाइन कतै तिम्रो काख जस्तो, शितल त्यो छाया। २४६

हाँगाबाट खसेको फुल भए, तिमि सामु नहुदा
हे मेरी आमा ! खसेकै फुल भए ! तिमीलाई गुमाउदा। २४७

यो मन त्यसै  उडेर जान्छ,  आमाको  काखमै
मनको बह पोखाऊ कहाँ,  तिमि छैनौ  साथमा।  २४८

आउछु आउछु भन्दा भन्दै,  दिन महिना बितेछ
तिम्रो सेवा गर्ने चाहना , अभागी कर्मैले लुटेछ। २४९

त्यो तिम्रो मन कति रोयो होला,  म सामु  नहुदा
हे मेरी आमा कति रोयौ हौली?  म सामु नहुदा । २५०

धर्ति र र आकाश  दिन र रात,  सब हिजो जस्तै छ
इस्ट र मित्र घर र  बार सब,  जस्ताको त्यस्तै  छ। २५१

किन होला यो मन आज , हिजो जस्तो हुनै सकेन
कस्तो मेरो कर्म होला,  तिम्रो छललाई बुझ्नै सकेन। २५२

कसलाई आमा भनि बोलाउ?  घर  फर्की आउदा
कसलाई छोरा भनि बोलाउ ?  घर फर्की आउदा  । २५३

म आए आमा भनेर कति,  झुक्काए तिमीलाई
म आए अब भनेर कति , भुलाए तिमीलाई। २५४

सुसार गर्न पाइन् कहिले , धिक्कार्छु आफुलाई
छोराको कर्तब्य भुलेर त्यसै,  बिदेसमा बसेनी। २५५

बुझ्नै नसक्ने यो संसारी माया,  जालैमा फसेनी
पछुतो लाग्छ मलाईआज ,   तिमि सामु नहुदा। २५६

हे मेरी आमा पछुतो लाग्छ , तिमीलाई गुमाउदा
पछुतो लाग्छ हुर्केको छोरो,   त्यसरी गुमाउदा । २५७

अमृत जस्तो बचन तिम्रो,   गुन्जिन्छ कानैमा
अझैपनि त्यो तिम्रो बचन , सुनिन्छ मनैमा। २५८

पर्ख न पर्ख   हे मेरी आमा,  म फर्की   आउदैछु !
त्यो तिम्रो इच्छा पुरा गर्न , म फर्की आउदैछु ! २५९

फर्केर आज कहाँ आऊ आमा ? तिमि घरमा नहुदा
हे मेरी आमा कहाँ फर्की आऊ?   तिमि घरमा नहुदा। २६०